# विद्यालय क्षेत्र विकास कार्यक्रम (विक्षेविका)

## २०१६– २०२२

## अवधारणा पत्र

आन्तरिक प्रयोजनका लागि

नेपाल सरकार

शिक्षा मन्त्रालय

२०७२ कार्तिक

## १. पृष्ठभूमि

विश्वव्यापी दृष्टिकोणबाट हेर्दा नेपालले सन् २०१५ पश्चात्को सहस्राब्दी विकास लक्ष्यको समय पार गरेको छ भने राष्ट्रिय दृष्टिकोणबाट हेर्दा नेपाल भर्खरै जारी भएको संविधानअन्तर्गत व्यवस्था भएको सङ्घीय प्रणालीमा प्रवेश गर्ने महत्त्वपूर्ण मोडमा छ। विद्यमान शैक्षिक योजना भनेको सन् २००९ मा सुरु गरिएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (विक्षेसुका) हो, जुन सन् २०१६ साउनमा अन्त्य हुँदै छ। त्यसैले सरकारले सन् २०१६ देखि कार्यान्वयनमा ल्याउनका लागि नयाँ विद्यालय क्षेत्र विकास कार्यक्रम (विक्षेविका) को तयारी सुरु गरेको छ। अति कम विकसित राष्ट्रको स्तरबाट माथि उठ्ने दूरदृष्टिका साथ यस कार्यक्रमको विकास गरिने छ। सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सामुदायिक विद्यालय सहयोग कार्यक्रम, शिक्षक शिक्षा परियोजना तथा विक्षेसुका मार्फत शिक्षामा सबैको पहुँच र गुणस्तरको सुनिश्चितता गर्ने सरकारको प्रयासको निरन्तरता यस विक्षेविकामा पनि रहने छ। विक्षेविकाले यी कार्यक्रमहरूबाट हासिल भएका अनुभव तथा उपलब्धिहरूबाट सिक्दै सम्पन्न हुन नसकेका पक्षको सम्बोधन गर्ने तथा हालै सबैले मन्जुर गरेका विश्वव्यापी दिगो विकास लक्ष्यले लिएका उद्देश्य हासिल गर्ने दृष्टिकोण राखेको छ।

योजना आवश्यकतामा आधारित बनोस् भनी शिक्षा मन्त्रालयले समावेशी तथा सहभागितामूलक पद्धति अपनाउँदै क्षेत्रगत विश्लेषण पनि गर्दै छ। यस पद्धतिको अङ्गका रूपमा विषयगत समूहहरूले विभिन्न क्षेत्रअन्तगर्तत आधार पत्रहरू तयार गरेका छन्। यसका साथसाथै अनुसन्धानका नतिजा, विज्ञका राय सुझावसमेत समटी यस विक्षेविकाको अवधारणा पत्रको विकास गरिएको हो।

यस अवधारणा पत्रले विक्षेविकाको क्षेत्र, यसको व्यापकता तथा मुख्य मुख्य रणनीतिका दिशा निर्देश के हुने भन्ने कुराको जानकारी गराउँछ। विज्ञ तथा पेसाकर्मी लगायत राष्ट्रिय, क्षेत्रीय, जिल्ला, समुदाय तथा विद्यालय स्तरमा रहेका विभिन्न सरोकारवालाहरूको राय सुझाव लिनका लागि समेत यस दस्तावेजलाई प्रयोग गरिने छ। यसैका आधारमा शिक्षा मन्त्रालयले विक्षेविकाको आधार पत्र

(एप्रोच पेपर) तयार गर्ने छ, जसलाई पछि विक्षेविकाको मूल दस्तावेजका रूपमा विकास गरिने छ। विक्षेविकाको दस्तावेजले समग्र नीतिगत ढाँचा प्रदान गर्नुका साथै यो समग्र योजनाका रूपमा पनि रहने छ। विक्षेसुकालगायत विगतमा कार्यान्वयनमा आएका शिक्षाका क्षेत्रगत योजनाहरूका उपलब्धिहरूलाई आत्मसात् गर्दै विक्षेविकाले पहुँचबाट गुणस्तरतर्फ अनि समतामूलक सहभागिता तथा सिकाइ उपलब्धितर्फ फड्को मार्ने ध्येय लिएको छ।

नेपालको संविधान २०७२ ले नीतिगत तथा कानुनी ढाँचामा सुधारलगायत संरचनागत तथा कार्यमूलक सुधारमार्फत शैक्षिक पद्धतिमा व्यापक पुनरावलोकन गर्नुपर्ने आवश्यकता बोध गराएको छ। संविधानले शिक्षालाई मौलिक अधिकारका रूपमा प्रत्याभूत गरेको छ र राज्यको निर्देशक सिद्धान्तमा समेत यसलाई स्थापित गरेको छ । त्यस कारण विक्षेविकाको यस अवधारणा पत्रले नयाँ संविधानको भावनाअनुरूप भावी कार्यदिशाका रूपमा प्रमुख नीति निर्देशमाथि प्रकाश पारेको छ।

विद्यालय क्षेत्र विकास कार्यक्रम (विक्षेविका) विश्व शिक्षा मञ्चको इन्चोन घोषणा तथा दिगो विकास लक्ष्यको अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप विकास गर्ने, जो सेप्टेम्बर १५ मा संयुक्त राष्ट्र सङ्घको साधारण सभाबाट पारित भइसकेको छ। विक्षेविकाको योजनामा दिगो विकास लक्ष्यअनुकूल हुने गरी सूचकहरूको विकास गरिने छ।

२०७२ साल वैशाखमा गएको विनाशकारी भूकम्प तथा त्यसपछि धेरै पटक गएका पराकम्पनका कारणले समग्र शिक्षाका सेवाहरू अवरुद्ध हुनुका साथै देशका अधिकांश क्षेत्र प्रभावित भएका छन्। ८००० भन्दा बढी विद्यालय ध्वस्त भए, करिब १० लाख बाल बालिकाले अध्ययनलाई निरन्तरता दिन सकेनन्। यसले भर्ना, हाजिरी तथा आन्तरिक सक्षमतामा प्रभाव पार्‍यो। परिणामस्वरूप विद्यालयबाहिर रहने विद्यार्थीको सङ्ख्यामा वृद्धि भयो। अपाङ्गता तथा घाइते हुने बाल बालिकाको सङ्ख्यामा पनि वृद्धि भएका कारणले शिक्षाबाट उनीहरू वञ्चित हुनुपर्ने स्थितिको सिर्जना भयो। घरायसी काममा थप श्रम गर्नुपर्ने कारणले विशेष गरी माथिल्लो कक्षाका विद्यार्थीहरू विद्यालयमा

निरन्तर हुन नसक्ने र विद्यालय छोड्नुपर्ने सम्मको अवस्था उत्पन्न भयो। विद्यालयमा हुनुपर्ने न्यूनतम पूर्वाधार तथा उत्साहमा पनि कमी हुँदा विद्यार्थीहरूले पढाइ पुरा गर्न नपाएको स्थिति रह्यो। परिणामस्वरूप प्रभावित क्षेत्रका विद्यार्थीहरूको सिकाइ उपलब्धिमा न्यूनता हुने आशङ्का गरिएको अवस्था छ। सरकारले मूल्याङ्कन गरेको Post Disaster Needs Assessment (PDNA) ले पहिचान गरेअनुरूप तथा सेन्डाईमा २०१५ मा आयोजित संयुक्त राष्ट्र सङ्घीय विश्व सम्मेलनमा स्विकारिएको विपत् जोखिम न्यूनीकरण ढाँचाअनुसार पुनर्निर्माण तथा सुधारका कार्यलाई विक्षेविकाले प्राथमिकता दिने छ।

सारमा भन्नुपर्दा विद्यालय क्षेत्र विकास योजनाले मुलुकको वर्तमान परिप्रेक्ष्यमा सुधार तथा विकास दुवै पक्षका आवश्यकतालाई सम्बोधन गर्ने दृष्टिकोण राखेको छ। सङ्घीय शासन व्यवस्थाले ल्याएको परिवर्तनअनुरूप शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने आवश्यकता छ। यसले विद्यमान कानुनी ढाँचामा परिवर्तन गर्नुपर्ने आवश्यकता औँल्याएको छ। विकासको कुरा गर्दा विक्षेविका गुणस्तर, सक्षमता तथा सेवा प्रवाहमा सुधार गर्ने र सीमान्तकृत तथा कठिन पहुँचमा रहेको जनसङ्ख्याका लागि पहुँच बढाउने कुरामा लक्षित हुने छ। यसका लागि कार्यक्रमहरूको पुनरावलोकन तथा सेवा प्रदायक एकाइहरूको क्षमता वृद्धि गर्नु आवश्यक छ। समग्रमा, विक्षेविका संविधानमा व्यवस्था भएअनुरूप शिक्षा क्षेत्रमा सुधार र विकास गर्नमा लक्षित हुने छ।

## १.१ चुनौतीहरू

शिक्षामा पहुँचका दृष्टिले उल्लेखनीय उपलब्धि हासिल हुँदै गएकाले अब गुणस्तर तथा सक्षमतामा केन्द्रित गर्नुपर्ने आवश्यकता छ। यसका लागि गुणस्तर तथा सिकाइ सक्षमता सम्बन्धी के कस्ता चुनौतीहरू छन्, तिनीहरूलाई सम्बोधन गर्नुपर्छ। यस सम्बन्धमा केही चुनौतीहरूको पहिचान गरिएको छ :

समता

१. नेपाल भाषिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त विविधतापूर्ण छ, यसले विद्यार्थीहरूको विविध सिकाइ आवश्यकताको सिर्जना गरेको छ। पहुँच तथा सान्दर्भिकता आदिका दृष्टिले प्रत्येकको सिकाइ आवश्यकताको परिपूर्ति गर्नु चुनौतीपूर्ण छ।

२. सुविधाविहीन तथा सीमान्तकृत समुदाय/समूह तथा भौगोलिक क्षेत्रका विद्यार्थीहरूको पहुँचमा वृद्धि भएको छैन। समुदाय, समूह तथा विद्यालय जाने उमेरका विद्यार्थीहरूबिच यस्तो विभेदमा वृद्धि भएको अवस्था छ।

३. प्राकृतिक विपत्बाट प्रभावित तथा विपत्को जोखिम भएका क्षेत्रमा रहेका बाल बालिकाहरूको पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु चुनौतीपूर्ण रहेको छ।

गुणस्तर

१. आधारभूत तथा माध्यमिक शिक्षाको चक्रभरि नै सिकाइ उपलब्धि, विद्यालयमा टिकाइराख्ने, तह पुरा गर्ने दरमा न्यूनता छ, यसले शिक्षाको गुणस्तर तथा सान्दर्भिकतालाई सम्बोधन गर्नुपर्ने कुरा औंल्याउँछ।

२. विद्यार्थीहरूका लागि सुरक्षित स्थान प्रदान गर्नका लागि प्रत्येक विद्यालयलाई विपत् प्रतिरोधक बनाउन बाँकी छ। सुरक्षित विद्यालय बनाउने कार्यलाई पूर्ण रूपमा मूल धारमा ल्याउन सकिएको छैन।

३. विद्यार्थीहरूले तोकिएकाअनुसारका न्यूनतम दिन पनि पठन पाठनमा बिताउन पाएका छैनन्। त्यस्तै गरी शिक्षकहरूले पनि कक्षामा तोकिएअनुसार आफ्नो समय नबिताएको अधिकांश अवस्था देखिएको छ।

४. विशेष गरी तल्ला कक्षाहरूमा प्रारम्भिक कक्षा पढाइ तथा लेखाइ सिपको कमीका कारणले विद्यालय छोड्ने र कक्षा दोहोर्याउने दर अझै उल्लेखनीय छ ।

५. पदस्थापनलगायत शिक्षकको समग्र व्यवस्थापनलाई अझै पूर्णता दिनुपर्ने छ।

६. सक्षमताका आधारमा भन्दा पनि प्रमाणीकरण र तालिमका आधारमा शिक्षकको योग्यता तोकिएको अवस्था छ।

७. प्राविधिक तथा व्यावसायिक शिक्षामा सीमित अवसर तथा साधारण र प्राविधिक/व्यावसायिक शिक्षाबिच झिनो समन्वय रहेको अवस्था छ।

सक्षमता

१. अपेक्षा गरिएअनुसार शिक्षा प्रणालीको संस्थागत संरचनामा सुधार गर्न अझै बाँकी रहेको छ।

२. विद्यालय तहको शैक्षिक गुणस्तर तथा आवश्यकतामा आधारित योजना निर्माण गर्न समग्र विद्यालय व्यवस्थापन तथा विद्यालय व्यवस्थापन समितिको भूमिकालाई अझै संस्थागत गर्न बाँकी छ।

३. शिक्षाको होइन, शिक्षाका लागि नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्न तथा समग्र योजना प्रक्रियामा यसलाई आत्मसात् गर्न अझै बाँकी रहेको छ।

४. सरकारी नियम कानुनलाई विद्यालयमा अझै प्रभावकारी रूपमा लागु गर्नुपर्ने अवस्था छ।

१.२ अवसरहरू

नेपालको विद्यालयमा आधारित शिक्षा प्रणाली बलियो जगमा अडेको छ, जसले नयाँ योजना तथा कार्यक्रम तय गर्न र कार्यान्वयन गर्न प्रशस्त अवसर प्रदान गरेको छ। यी अवसरहरूलाई यस प्रकार उल्लेख गरिएको छ :

१. नयाँ संविधानमा शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गरिएको छ। “प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ। प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ।”

२. सरकारका योजना तथा नीतिमा विद्यालय शिक्षाले उच्च प्राथमिकता पाउँदै आएको छ। गाउँ तथा समुदाय तहसम्म नै प्रशस्त सङ्ख्यामा विद्यालयहरू खुलेका छन्। यी विद्यालयहरू भर्ना हुन चाहने सबै विद्यार्थीहरूलाई भर्ना गर्न सक्षम छन्।

३. विपत् न्यूनीकरण तथा सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्न स्वीकृत मार्गदर्शन तथा प्राविधिक मापदण्डका आधारमा विद्यालयहरूको निर्माण तथा पुनर्निर्माण गर्ने व्यवस्था गरिएको छ।

४. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढाउँदै लैजाने क्रममा नेपालभरि नै कम्प्युटर तथा इन्टरनेटमा पहुँचमा वृद्धि हुँदै गएको छ।

५. नेपालले २०३० सम्मको शिक्षा सम्बन्धी विश्वव्यापी घोषणाप्रति प्रतिबद्धता व्यक्त गरेको छ। यस क्रममा मुलुकमा शिक्षाको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग तथा समन्वयको अपेक्षा गरिएको छ।

६. शिक्षकहरूको व्यावसायिक ज्ञान तथा सिपमा वृद्धि भइरहेको छ।प्रतिस्पर्धात्मक प्रक्रियामार्फत नियुक्त शिक्षकहरू शिक्षण पेसामा भित्रिने क्रम सुरु भइसकेको छ। यस प्रक्रियाले निरन्तरता पाउने अवस्था छ।

७. समग्र गुणस्तर वृद्धिका लागि पाठ्यक्रम, विद्यालय व्यवस्थापन, परीक्षा प्रणाली, शिक्षक नियुक्ति, शिक्षक तालिम तथा पेसागत विकास र विद्यार्थीको उपलब्धिको मूल्याङ्कनका लागि संरचनात्मक संयन्त्रको विकास गरिएको छ र सोहीअनुसार कार्य प्रक्रिया अगाडि बढिरहेको छ।

८. शिक्षामा सामुदायिक लगानीमा वृद्धि भइरहेको तथा निजी क्षेत्रको संलग्नता पनि उल्लेख्य रूपमा बढिरहेको छ।अभिभावकहरू पनि आफ्ना बाल बालिकाको शिक्षामा लगानी गर्न उत्सुक हुँदै गएको अवस्था छ।यस क्षेत्रमा गैसस तथा नागरिक समाजका सङ्घ संस्थाका क्रियाकलापहरू पनि बढ्दै गएका छन्।

९. सिपमूलक शिक्षामा सबै क्षेत्रको रुचि तथा प्रतिबद्धता बढ्दै गएको छ।त्यसै गरी प्रौढहरूमाझ जीवनपर्यन्त शिक्षाप्रतिको चाहनामा पनि वृद्धि भइरहेको छ।

## २. विधि र परिवर्तनको सिद्धान्त

१. विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनबाट सँगालेका अनुभव तथा सिकिएका पाठका आधारमा कार्यान्वयनको सहज वातावरण बनाउन र सन् २०२२ सम्ममा नेपाल सरकारले लिएको अल्पविकसित राष्ट्रको अवस्था पार गर्ने लक्ष्य पुरा गर्न आवश्यक परिवर्तन सुनिश्चित गर्नका लागि विद्यालय क्षेत्र विकास कार्यक्रमको तर्जुमा भइरहेको छ।

२. कार्यक्रमको विकास गर्दा यस योजनाले आवश्यकता, स्वामित्व, तथा कार्यान्वयनको सम्भाव्यता, जस्ता परिवर्तनका सिद्धान्तहरूलाई केन्द्रित गर्ने छ, जस्तैः

- सुदृढ समता, गुणस्तरीयता तथा प्रभावकारिता सुनिश्चित गर्नका लागि नीति एवम् रणनीतिक योजना आवश्यकतामा आधारित होऊन्,
- मुख्य सरोकारवाला एवम् प्रभाव समूहबिच व्यापक सहमतिको वातावरण सिर्जना गरी कार्यक्रम कार्यान्वयनमा सकारात्मक सहयोगको सुनिश्चितता तथा कार्यान्वयनकर्ता तथा नेतृत्ववर्गको कार्यक्रमप्रतिको स्वीकारोक्ति र प्रतिबद्धताको स्वामित्व भाव होस्,
- मुलुकको यथार्थ परिवेश अनुकूल नीति, रणनीति तथा कार्यक्रम कार्यान्वयनको सम्भाव्यता होस्।

### २.१ आवश्यकता

१. योजनाका प्रत्यक्ष एवम् परोक्ष लाभान्वितवर्गका आवश्यकता सम्बोधन भए नभएको लेखाजोखा गरी योजनाको सान्दर्भिकतालाई सुनिश्चित गर्नका निमित्त एउटा सुदृढ संरचनाको आवश्यकता पर्ने छ, जसले आवश्यकताअनुसारका सान्दर्भिक तथ्याङ्कको सङ्कलन, सम्पादन, एवम् विश्लेषण गर्ने छ र योजना अवधिभित्र आवश्यकताअनुसार त्यसलाई प्रस्तुत गर्ने छ। वस्तुतः

गुणस्तरीय सूचनामाथि सुगम पहुँच हुँदा मात्र कार्यक्रमको गुणस्तरीयता तथा सान्दभिकताको सही आँकलन सम्भव हुन्छ।

२. आवश्यक सूचनाको उपलब्धता सुनिश्चित हुने पहिलो खुड्किलो भनेको क्षेत्रगत विश्लेषणमा आधारित सुदृढ आधार रेखाको स्थापना हो, जसमा देहयका कुराहरू समेटिने छन्::

- विद्यालय क्षेत्र विकास कार्यक्रम तर्जुमाको प्रयोगका लागि विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनबाट सिकिएका पाठ तथा हासिल गरेका अनुभवसम्बन्धी सूचना लिने,
- अनुसन्धानमा आधारित विश्लेषणको नतिजाका आधारमा समग्र शिक्षा क्षेत्रका योजनाको अनुगमन तथा सूचना प्रदान गर्ने

सन् २०१५ मा स्थिति विश्लेषण गरिने छ। यस विश्लेषणमा सामाजिक– आर्थिक एवम् राजनीतिक परिवेशको विश्लेषण (बृहत् आर्थिक तथा सार्वजनिक वित्तीय विश्लेषण) र तिनको सामाजिक आर्थिक प्रभावको विश्लेषण गरिने छ। विश्लेषणका आधारमा विक्षेविकाको विकास गरिने भएकाले यो विश्लेषण प्रमुख निर्धारक हुने छ। यसमा पहिले कहिल्यै समावेश नगरिएका सङ्घीय संरचना तथा विपत्पछिको सन्दर्भजस्ता कुरा पनि समेटिने छन्।

३. आवश्यकता पहिचानको दोस्रो पक्ष हो, विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट सिकिएका पाठ तथा क्षेत्र विश्लेषणका आधारमा पहिचान गरिएका आवश्यकताका सम्बन्धमा सबै तहका सरोकारवालाको व्यापक परामर्श। यी परामर्श जोसँग जेका लागि गरिने भए तापनि उद्देश्यमूलक ढङ्गबाट निरन्तर रूपमा गरिने छ।

४. आवश्यकता पहिचानको तेस्रो पक्ष भनेको शिक्षा क्षेत्रभित्रको संस्थागत संयन्त्र हो, जसले तथ्याङ्कको गुणस्तर र प्रयोगको सुनिश्चितता गर्छ। नेपालको शैक्षिक व्यवस्थापन सूचना प्रणालीले शैक्षिक सूचनाको सुदृढ आधार कायम गरिसकेको छ। अतः तथ्याङ्क तथा सूचनाको प्रयोग यी कुराका लागि हुनुपर्छ : (क) योजनाकारलाई आवश्यक सूचना उपलब्ध गराई आवश्यकतामा आधारित पद्धति सुनिश्चित गर्न (ख) सरोकारवालाहरूका सुझावका आधारमा तथ्याङ्कको गुणस्तर

सुदृढ गर्ने सन्दर्भमा उपलब्ध सूचनाको आदान प्रदान र प्रयोगतर्फ उन्मुख हुन। विद्यालय शिक्षाको समतामूलक रणनीतिको अङ्गका रूपमा विकसित समता मूलक पहुँच, सिकाइ उपलब्धि तथा सहभागिता स्तरमा पाइएका विषमतालाई सम्बोधन गर्ने प्रभावकारी साधन साबित हुने छ। मुलुकमा रहेको विभेद तथा सङ्कटका अतिरिक्त विनाशकारी भूकम्पका कारण सिर्जित आवश्यकताहरूको सन्तुलित सम्बोधनका सन्दर्भमा पनि यसको सान्दर्भिकता टड्कारो छ।

५. अन्त्यमा, विद्यालय क्षेत्र विकास कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्दा नतिजामूलक सिद्धान्तअनुरूप गर्नुपर्छ। यसले शिक्षाको गुणस्तर एवम् सक्षमता बढाउन समतामूलक रूपमा स्रोतको विनियोजनलाई लक्षित तथा प्राथमिकीकरण गर्ने कामको सुनिश्चितता गर्नुपर्छ।

२.२ स्वामित्व

१. विद्यालय क्षेत्र विकास योजनाको तर्जुमा र कार्यान्वयनको आधारका रूपमा अपेक्षा गरिएको परिवर्तनको ढाँचाको दोस्रो पक्ष हो, नेतृत्व एवम् व्यवस्थापन पक्ष र जिम्मेवार अधिकारी एवम् कार्यान्वयनकर्ताहरूद्वारा योजनाको स्वामित्व ग्रहण। यसका अतिरिक्त कार्यक्रमबाट लाभान्वित वर्ग, मुख्य सरोकारवाला (जस्तै राजनीतिक एवम् प्राज्ञिक क्षेत्र, सञ्चार जगत तथा अन्तर्राष्ट्रिय निकाय लगायत) को व्यापक समर्थन र सहमति महत्त्वपूर्ण पक्ष हुन्। विद्यालय क्षेत्र विकास कार्यक्रमलाई शिक्षण सिकाइ अभ्यासमा रूपान्तरित गर्ने प्रमुख कर्ता शिक्षक हुन्। यस अर्थमा यी योजनाका मुख्य कार्यान्वयनकर्ता पनि हुन्। पेसागत सङ्गठनमार्फतले शिक्षा प्रणालीमा ठूलो प्रभाव पार्न सक्ने भएकाले यिनीहरू यसको प्राथमिक सरोकारवाला समेत हुन्। अतः यसको सफलता शिक्षकवर्गले यस सम्बन्धमा लिने स्वामित्वमा सबैभन्दा बढी भर पर्ने छ।

२. विद्यालय क्षेत्र विकास योजनाको तर्जुमाका क्रममा छलफल तथा परामर्श गर्दै यी समूहहरूलाई संलग्न गराइने छ। विषयगत समूहमा रहेर योजनाको पृष्ठभूमिको मस्यौदा गर्ने, अवधारणा पत्र बनाउने तथा आधार पत्र बनाउने र कार्यक्रमको मूल दस्तावेज निर्माण

लगायतका कार्यमा सबै सरोकारवालाहरूसँग परामर्श लिइने छ। नेपाली र अङ्ग्रेजी दुवै भाषामा विक्षेविकाका दस्तावेज तयार पारी राय सुझाव सङ्कलन गरिने छ। यस क्रममा गरिने व्यापक तथा समालोचनात्मक छलफलमा यी समूहहरू सहभागी हुने छन्। यसका अतिरिक्त यी समूहहरूलाई विभिन्न विषय क्षेत्रमा आवश्यक परामर्श लिनमा समेत संलग्न गराइने हुँदा यिनीसँग परामर्श लिने मात्र नभई कार्य समूहका सदस्यका हैसियतमा यिनले पनि अरुसँग परामर्श लिने छन्।

३. विक्षेविकाको कार्यान्वयनको स्वामित्व यसको सञ्चार रणनीतिको विकासमार्फत सुनिश्चित गरिने छ। यसका लागि विभिन्न प्रभाव समूह तथा अन्य सरोकारवालाका धारणा, दृष्टिकोण तथा प्राथमिकतालाई आधार बनाइने छ। यस रणनीतिको एउटा उदाहरण सञ्चार रणनीति हुन सक्छ।

४. अवधारणा पत्रका नीतिगत कथन तथा रणनीतिक क्रियाकलापहरू विषयगत कार्य समूहले तयार पारेका पृष्ठभूमि पत्रमा आधारित हुने छन्। विक्षेविकाको मूल दस्तावेजमा नीति तथा रणनीतिक क्रियाकलापहरूको विस्तृतीकरण गर्दा यही पृष्ठभूमि पत्रलाई आधार मानिने छ।

५. अवधारणा पत्रले विक्षेविकाका अन्तर्वस्तुलाई समृद्ध बनाउन सरोकारवालाहरूको सहभागिताका लागि अवसर प्रदान गर्छ। अर्को चरणमा शिक्षक युनियन, विद्यार्थी समुदाय, नागरिक समाज तथा विकास साझेदारहरूसँग योजनामा प्रस्तावित नीति तथा रणनीति माथि छलफल गराइनुका साथै अवधारणा पत्रले अपेक्षा गरेका अन्य कार्यहरूमा समेत सरिक गराइने छ। यी यावत परामर्शले दोस्रो चरणमा विक्षेविकाको समग्र योजनाको प्रथम मस्यौदा निर्माण गर्न आधार प्रदान गर्ने छन्।

२.३ कार्यान्वयनको सम्भाव्यता

१. कुनै पनि योजना कार्यान्वयन गर्न सम्भाव्यता छ छैन भन्ने कुरा योजनाको विकास क्रममा योजनाले निर्धारण गरेका उद्देश्य तथा कार्यक्रमहरू मुलुकका परिवेश सापेक्ष भए–नभएको, तिनको कार्यान्वयनका लागि आवश्यक क्षमता तथा स्रोत साधनको उपलब्धता कस्तो छ

आदिबारे कार्यान्वयनका जिम्मेवार पक्षसँग गरिने परामर्शको गहिराइमा निर्भर गर्दछ। वर्तमान सङ्क्रमणकालीन परिस्थिति तथा आगामी समयमा मुलुकले अवलम्बन गर्ने सङ्घीय संरचनागत ढाँचामा आउन सक्ने सम्भावित परिवर्तनलाई दृष्टिगत गर्दा सबै तहका सरोकारवालाहरूको निरन्तर विश्लेषण, अनुसन्धान, पुनरावलोकन, अन्वेषण एवम् मानकीकरणमा सहजीकरण गर्न सघाउन विक्षेविकामा नियन्त्रण तथा सन्तुलनका लागि एउटा सुदृढ संरचनाको खाँचो पर्ने छ। नियन्त्रण तथा सन्तुलनका लागि केन्द्रीय नीति तथा योजनाको अङ्गका रूपमा समन्वय तथा पुनरावलोकनका लागि पर्याप्त क्षमता विकासको सुनिश्चितता गर्नुपर्छ।

२. प्रत्येक वर्ष विक्षेविकाको अभिन्न अङ्गका रूपमा लक्षित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत साधन, क्षमता विकासका आवश्यकताहरूको आँकलन र गरिने क्रियाकलापहरूको पहिचान सहितको वार्षिक कार्यक्रम कार्यान्वयन योजनाको तर्जुमा गरिने छ। क्षमता विकास कार्यक्रमले शिक्षकहरूको शिक्षण सिकाइका क्रियाकलापमा सहजीकरण गरी उनीहरूको दक्षताको विकासमा जोड दिने छ।

## ३. दूरदृष्टि, उद्देश्य, नीति निर्देश र रणनीति

यस परिच्छेदमा विद्यालय क्षेत्र विकास कार्यक्रमले अङ्गीकार गरेका दूरदृष्टि, उद्देश्य, नीति निर्देश र रणनीतिको विस्तृत व्याख्या गरिएको छ।

### ३.१ दूरदृष्टि

लोकतन्त्र तथा मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि तयार, निरन्तर शिक्षाप्रति प्रतिबद्ध, श्रमप्रति सकारात्मक दृष्टिकोण, स्वरोजगार उन्मुख, मुलुक र समुदायप्रति सक्रिय, एक्काइसौं शताब्दीमा मुलुक, समाज तथा जनताले भोगिरहेका चुनौतीहरूको सामना गर्न र समाधानमा योगदान गर्न सक्षम नागरिक तयार पार्नु नेपालको विद्यालय शिक्षाका दूरदृष्टि हुन्।

### ३.२ उद्देश्य

देहायका उद्देश्य प्राप्त गरेपछि माथि उल्लेख भएका दूरदृष्टि साकार हुने छन्ः

समता

१. लक्षित समूह तथा क्षेत्रमा भएको विभेदलाई न्यूनीकरण गर्दै शिक्षा प्रणालीमा पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका दृष्टिले समावेशिता तथा समता सुनिश्चित गर्नु।

गुणस्तर

२. शिक्षामा सान्दर्भिकता एवम् गुणस्तरीयता अभिवृद्धि गर्नु

३. विपत् प्रतिरोधक प्रणालीको विकास गर्नु

सक्षमता

४. शिक्षण सिकाइ प्रक्रिया तथा सिकाइ उपलब्धिमा स्वीकृत न्यूनतम मापदण्ड सुनिश्चित गर्दै सुदृढ र स्थानीय सरकारप्रति जवाफदेही शैक्षिक सुशासन तथा व्यवस्थापनको सुदृढीकरण गर्नु।

५. केन्द्रीय, प्रान्तीय एवम् स्थानीय सरकारबिच मूल्य साझेदारीको अवधारणा अवलम्बन गरी दिगो र सुदृढ वित्तीय व्यवस्थाको विकास गर्नु।

सान्दर्भिकता

६. पहिचान गरिएका आवश्यकता एवम् सङ्घीय परिवेशअनुकूल शिक्षा क्षेत्रको राजनीतिक एवम् प्रशासनिक पुनःसंरचना गर्नु

७. विश्व तथा राष्ट्रिय परिवेशमा नेपालले आत्मसात् गरेका आकाङ्क्षालाई सहजीकरण गर्नु।

३.३ नीति निर्देश

१. विद्यमान विद्यालय व्यवस्थापन तथा सञ्चालन सम्बन्धी नियम कानुनलाई नयाँ संविधानअनुकूल परिमार्जन गर्ने।

२. आधारभूत शिक्षाका सान्दर्भिकता, गुणस्तर तथा समतामा सुधार गर्ने कार्यलाई प्राथमिकीकरण गर्ने

३. पहुँचका साथै गुणस्तरीय माध्यमिक शिक्षा सुनिश्चित गर्ने।

४. मूल्यमा आधारित सिप उन्मुख पेसागत तथा व्यावसायिक शिक्षालाई जोड दिने।

५. शिक्षालाई जीविकोपार्जन तथा पेसागत आवश्यकतासँग आबद्ध गराउने।

६. सुरक्षित विद्यालयहरूको निर्माण गर्ने।

३.४ रणनीति

१. नयाँ संविधानअनुकूल बनाउनका लागि विद्यमान नियम कानुनको पुनरावलोकन तथा मूल्याङ्कन गर्ने।

२. आधारभूत शिक्षाको गुणस्तर सुधारमा जोड दिइने।

३. माध्यमिक शिक्षाका पहुँचमा सुधार सुनिश्चित गर्ने खालका कार्यक्रमहरूको लागु गर्ने।

४. माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाका छुट्टै धारको कार्यान्वयन गर्ने।

५. मानिसको जीविकोपार्जन तथा रोजगारीका लागि शिक्षाको सान्दर्भिकता तथा महत्त्व बढाउने।

६. शिक्षण सिकाइका लागि अनुकूल र सुरक्षित स्थान सुनिश्चित गर्न विपत्का जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमहरूलाई मूलप्रवाहीकरण गर्ने।

४. उपक्षेत्रगत तथा विषयगत उद्देश्य, नीति निर्देश र रणनीति

- विद्यालय क्षेत्र विकास कार्यक्रमका उपक्षेत्र र समान विषय क्षेत्रका उद्देश्य, नीति निर्देश र रणनीतिका रूपरेखा देहाय अनुसार छन्:

४.१ प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रम

उद्देश्य

- प्रारम्भिक बाल विकासको प्रवर्धन गर्नु।
- निर्धारित उमेरभित्रै कक्षा १ मा भर्ना हुन बाल बालिकाको तत्परता सुनिश्चित गर्नु।

नीति निर्देश

- चार वर्ष उमेर समूहका बाल बालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा वा प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमको पहुँचमार्फत विद्यालयमा भर्नाको तयारी सुनिश्चित गर्ने।
- मागका आधारमा प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमको विस्तार गर्ने।
- विद्यमान पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रम विस्तार गर्दा भौगोलिक रूपमा दुर्गम तथा सीमान्तकृत समुदायलाई प्राथमिकतामा राख्ने।
- पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम तथा सेवा प्रवाहका गुणस्तरका मापदण्ड पुरा गर्ने।
- स्थानीय सरकारद्वारा पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रम र यसको सेवा प्रवाहका आधारभूत मापदण्ड सुनिश्चित गर्ने।

रणनीति

समता

- स्थानीय समुदायसँग सहकार्य गरी आवश्यक मापदण्ड, निर्देशिका तथा प्रोत्साहन कार्यक्रमहरूको विकास गरी स्थानीय सरकारलाई मागका आधारमा पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रम सञ्चालनका लागि मापदण्ड, निर्देशन तथा प्रोत्साहनका प्याकेजमार्फत सशक्तीकरण गर्ने।
- मागका आधारमा घर, विद्यालय, समुदाय आदिमा आधारित तथा आवासीय जस्ता पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमका विविध ढाँचाहरूको विकास गर्ने।
- पूर्व निर्धारित मापदण्ड तथा निर्देशिकाका आधारमा स्थानीय सरकारले समुदाय, परिवार, अभिभावक समूह तथा निजी एवम् सार्वजनिक क्षेत्रलाई संलग्न गराई चार वर्ष उमेरका सबै

बाल बालिकाको पहुँच सुनिश्चित गर्न १ बर्से पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको विस्तार गर्ने।

- पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रममा सबैको समतामूलक पहुँच सुनिश्चत गर्न विद्यालय भर्नाको तयारीमा उच्च विभेद रहेका बस्ती वा समुदायका लागि विशेष प्रावधान लागु गर्ने।

गुणस्तर

- सबै पूर्व प्राथमिक/प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरूका भौतिक तथा शैक्षिक वातावरणमा अधारभूत स्तर सुनिश्चित गर्न केन्द्रीय र स्थानीय सरकारहरूबिच साझदारीको प्रवर्धन गर्ने।
- आवश्यक मापदण्ड तथा निर्देशिकाहरूको विकास गरी स्थानीय सरकारहरूलाई पूर्व प्राथमिक/प्रारम्भिक बाल शिक्षा र विकास केन्द्रहरूको व्यवस्थापन तथा सञ्चालन पद्धतिको सुदृढीकरणमा सहयोग गराउने।
- पूर्व प्राथमिक/प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमका सामग्रीहरूको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई प्रारम्भिक सिकाइका विकासको मापदण्डको स्तरसँग आबद्ध गराउने।
- सबै पूर्व प्राथमिक/प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमका सहजकर्तालाई एक महिने सघन तालिम प्रदान गरी क्षमता विकास गराउने।
- पूर्व प्राथमिक/प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमका लागि सम्भावित सहजकर्ता उत्पादन गर्ने उद्देश्यले आधारभूत शिक्षा (कक्षा १०) पूरा गरेका विद्यार्थीका लागि एक बर्से शैक्षिक कार्यक्रमको विकास गर्ने।

सक्षमता

- सामुदायिक विद्यालय र तिनको छिमेकमा रहेका पूर्व प्राथमिक/प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमबिच सहमतिका आधारमा कार्यमूलक सम्बन्ध स्थापित गराउने।
- पूर्व प्राथमिक/प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गर्न स्थानीय सरकारको भूमिकालाई सुदृढ गराउने।
- बाल बालिकाहरूमा राम्रो नतिजा उपलब्ध गराउन स्वास्थ्य, पोषण, शिक्षा तथा सुरक्षा जस्ता कार्यक्रमहरूलाई समन्वय गर्न्न केन्द्र स्तरका मन्त्रालयहरूबिचको समन्वयलाई सुदृढ बनाउने।

सान्दर्भिकता

- सिप सिकाउने सन्दर्भमा परम्परागत तथा स्थानीय ज्ञानको प्रयोग कसरी भइरहेको छ, सोको खोजी गर्ने।

४.२ आधारभूत शिक्षा

उद्देश्य

- आवश्यक सिकाइ सक्षमता सहित माध्यमिक शिक्षामा प्रवेशका लागि विद्यार्थीहरूको तत्परता सुनिश्चित गर्ने।
- जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षाको प्रवर्धन गर्ने।
- सामाजिक/सांस्कृतिक विविधतासँग तादात्म्य तथा राष्ट्रिय अर्थतन्त्रतर्फ अभिमुख गराउने।

नीति निर्देश

- सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्नु राज्यको प्राथमिक दायित्व हुने।
- आधारभूत शिक्षामा लैङ्गिकता, अपाङ्गता, गरिबी, सीमान्तकृत समुदाय तथा पिछडिएका क्षेत्रमा बसोवास गर्नेहरूलाई सम्बोधन गर्दै समता कायम गर्ने कार्यमा प्राथमिकता दिने।

- शिक्षणको माध्यमका रूपमा त्रैभाषिक नीतिको अवलम्बन गरी भौतिक, शैक्षिक, शैक्षणिक प्रक्रियामा गुणस्तरीयता कायम गर्ने।
- शिक्षामा समतलीय तथा लम्बीय दुबै हिसाबबाट प्रवेश सुगम गराउनका लागि औपचारिक, अनौपचारिक तथा अन्य ढाँचाका शिक्षा प्रणालीको प्रमाणीकरण गर्ने।
- मुलुकका आर्थिक, सामाजिक तथा सांस्कृतिक विविधतासँग आबद्ध हुने गरी व्यवहार कुशल सिप तथा मूल्यमा आधारित शिक्षाको कार्यान्वयन गर्ने।
- शिक्षक तथा विद्यार्थीबिच पठन संस्कृतिको विकास गर्ने।

रणनीति

समता

- विभिन्न उमेर समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकतालाई सम्बोधन गर्न कक्षा १– ३, १– ५ तथा १– ८ जस्ता उपतहको व्यवस्था गर्ने।
- गुम्बा, गुरुकुल, मद्रसा तथा खुला एवम् वैकल्पिक शिक्षा लगायत सबै खाले शैक्षिक कार्यक्रमहरूमा सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्ने।
- जोखिममा परेका, अपाङ्गता भएका तथा निःसहाय लगायत विद्यार्थीका भिन्न सिकाइ आवश्यकताको सम्बोधनका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षाको व्यवस्था गर्ने।
- दुर्गम स्थानको आवश्यकताअनुसार घुम्ती विद्यालय प्रणालीलाई सुदृढ गर्ने।

गुणस्तर

- भिन्न क्षमता भएका विद्यार्थीहरूलाई शिक्षाको मूलधारमा समेट्न सबै सम्भव स्थानहरूमा न्यूनतम स्तरका समावेशी सिकाइ वातावरण सुनिश्चित गर्ने।

- विद्यालयहरूलाई वित्तीय तथा प्रविधिक दुवै प्रकारको सहयोग प्रदान गर्न उपयुक्त नियमनकारी व्यवस्था तथा संरचनाहरूको विकास गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा सिकाइका न्यूनतम अवस्था सुनिश्चित गर्ने।
- वैकल्पिक, औपचारिक तथा अनौपचारिक सबै ढाँचाका शिक्षालाई प्रमाणीकरण गर्न लागि राष्ट्रिय योग्यता प्रारूपको विकास गर्न पाठ्यक्रम विकास केन्द्रको कार्य क्षमता अभिवृद्धि गरी सुदृढ गर्ने।
- सिकाइ क्षमता तथा सिपको प्रवर्धनका लागि प्रविधिमा आधारित पाठ्य सामग्रीहरूको विकास गर्ने।
- जीवनोपयोगी तथा व्यवहार कुशल सिप तथा मूल्यमा आधारित शिक्षालाई समेट्ने गरी पाठ्यक्रमको परिमार्जन गर्ने।
- मातृभाषा, राष्ट्रिय भाषा तथा अन्तर्राष्ट्रिय भाषा गरी शिक्षण सिकाइका माध्यमका रूपमा त्रैभाषिक नीति अवलम्बन गर्ने।
- विद्यार्थीको उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement - NASA) तथा प्रारम्भिक कक्षामा पढाइको परीक्षण (Early Grade Reading Assessment – EGRA) बाट प्राप्त नतिजाका आधारमा पाठ्यक्रम विकास केन्द्रले कक्षा र तहगत रूपमा सिकाइ सक्षमताको मापदण्ड तयार पार्ने छ।
- पाठ्य सामग्री तथा शैक्षणिक सहयोग प्रणालीलाई विद्युतीय बनाउने र विद्यालयहरूमा पर्याप्त सूचना तथा सञ्चार प्रविधि सुविधा उपलब्ध गराउने।
- पाठ्यक्रम विकास केन्द्रले सङ्घीय नीतिअनुरूप विषय वस्तु तथा शैक्षणिक ढाँचा निर्धारण गर्न सघाउ पुर्याउने दृष्टिले प्रान्तका लागि एउटा राष्ट्रिय पाठ्यक्रम प्रारूपको विकास गर्ने छ।

- अध्यापन अनुमति पत्र प्रणाली, शिक्षकको योग्यता वृद्धि तथा शिक्षकको सक्षमतामा केन्द्रित गर्दै शिक्षक तालिम कार्यक्रमलाई अझै प्रभावकारी बनाउने।
- शिक्षकमा न्यूनतम गुणस्तर तथा सक्षमता कायम गर्ने तथा शिक्षक नियुक्तिमा महिला, लक्षित तथा सीमान्तकृत समूहलाई प्राथमिकतामा राख्ने।
- विद्यालयका किसिम (वैकल्पिक शिक्षा, बहुकक्षा शिक्षण, परम्परागत तथा विशेष प्रकारका विद्यालय) का आधारमा  शिक्षकको पदको व्यवस्थापन पद्धतिको लागु गर्ने।
- भिन्न क्षमता भएका विद्यार्थीहरूका लागि अनुसन्धानमा आधारित पाठ्यक्रम सम्बद्ध सामग्री तथा मूल्याङ्कनका साधनको विकास गर्ने।
- निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक कक्षामा पढाइ परीक्षण विधिहरूको प्रभावकारी उपयोग गर्दै विद्यार्थी मूल्याङ्कनलाई सुदृढ बनाउने।
- पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयहरूमा पुस्तकालय तथा पढाइ कुना उपलब्ध गराउने।
- मागका आधारमा विशेष समुदाय तथा भौगोलिक अवस्थितिका लागि बहुकक्षा, बहुतह शिक्षाका रणनीतिहरूको विकास गर्ने।

सक्षमता

- शिक्षण सिकाइ सहयोग प्रणालीमा केन्द्रित सुपरिवेक्षण तथा अनुगमन पद्धतिको सुदृढीकरणका लागि हालको स्रोतकेन्द्र तथा स्रोत व्यक्तिको भूमिकाको पुनरावलोकन गरी परीक्षणका रूपमा प्रत्येक स्रोत केन्द्रमा स्रोत शिक्षकको व्यवस्था गर्ने।
- विद्यालयमा शिक्षण सिकाइ कार्यमा व्यतित गर्नुपर्ने समय बढाउनका लागि प्रोत्साहनमूलक पद्धति लागु गर्ने।

४.३ माध्यमिक शिक्षा

उद्देश्य

- सिपयुक्त मानव संसाधनको विकास गरी विद्यार्थीहरूलाई कामको संसारका लागि तयार पार्नु।
- गुणस्तरमा सम्झौता नगरी शिक्षाको पहुँच वृद्धिमा जोड दिनु।
- उच्च शिक्षासँग आबद्ध गर्नु र कार्य उन्मुख गराउनु।
- उच्च शिक्षाका लागि आधार प्रदान गर्नु।
- विद्यार्थीहरूलाई नागरिक दायित्व वहन गर्न तत्पर बनाउनु।

नीति निर्देश

- निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने।
- माध्यमिक शिक्षामा समतामूलक पहुँचलाई प्राथमिकता दिने।
- माध्यमिक शिक्षामा साधारण र प्राविधिक–व्यावसायिक गरी दुई धार कायम गर्ने (दुवै धारका शिक्षामा व्यवहार कुशल सिप सिकाउने, वृत्ति विकाससँग जोड्ने, राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप सहित राष्ट्रिय योग्यता प्रारूपको व्यवस्था गर्ने)
- मागमा आधारित स्रोतको विनियोजन गर्ने (विद्यालय र शिक्षक)।
- व्यवस्थापन तथा सञ्चालनको दायित्वमा साझेदारीको नीति अवलम्बन गर्ने।

रणनीति

समता

- निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनका लागि साझेदारीका विभिन्न ढाँचाको प्रयोग गर्न नियमनकारी व्यवस्था गर्ने।
- निम्न सामाजिक आर्थिक अवस्थाका विद्यार्थीहरूको माध्यमिक शिक्षामा पहुँच तथा सहभागिता बढाउनका लागि नगद अनुदान प्रदान गर्ने व्यवस्था मिलाउने।

- भिन्न सिकाइ आवश्यकता भएका तथा जोखिममा परेका तथा सीमान्तकृत समूहका विद्यार्थी, जस्तैः सडक बाल बालिका, अपाङ्गता भएका, तथा चेपाङ, राउटे, बादी, मुसहर, डोम, चमार, दुसाध, राजमामा, कुसुन्डा आदिको सिकाइ आवश्यकता सम्बोधन गर्नका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षाको प्रावधान गर्ने।

गुणस्तर

- खुला, वैकल्पिक तथा अनौपचारिक शिक्षाका प्रमाण पत्रलाई समकक्षता प्रमाणीकरण गरी एक धार वा तहका विद्यार्थीलाई अर्को धार वा तहका शिक्षामा लम्बीय तथा समतलीय दुवै हिसाबले प्रवेश प्रदान गर्न राष्ट्रिय योग्यता प्रारूप लागु गर्ने।
- माध्यमिक कक्षा सञ्चालन गर्न सार्वजनिक वा संस्थागत विद्यालयहरूका लागि न्यूनतम आधारभूत आवश्यकताको सूची निर्धारण गरेर विद्यालयहरूमा गुणस्तरको मानक तयार गर्ने।
- माध्यमिक विद्यालयहरूमा न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न साझेदारी तथा जिम्मेवारीको प्रावधान गर्ने।
- पाठ्यक्रममा समालोचनात्मक सिकाइ, सहयोग, सहकार्य र सूचना तथा सञ्चार प्रविधि जस्ता महत्त्वपूर्ण सिप समावेश गराई तिनको पठन पाठन गराउने व्यवस्था मिलाउने।
- साधारण तथा व्यावसायिक दुवै धारका कक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालयहरूका लागि बृहत् सहायता प्रणाली तथा नियमनकारी प्रावधान गर्ने।
- शिक्षक व्यवस्थापन तथा पेसागत विकासका प्रावधानहरू कार्यान्वयनमा ल्याउने। (खण्ड ४.५ मा उल्लेख भएअनुसार)।

सक्षमता

- मागका आधारमा ठुला, आवासीय तथा नमुना विद्यालयहरूको स्थापना गर्ने।

- प्राविधिक– व्यावसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक संस्थागत संरचना तथा नियमनकारी प्रावधानहरू गर्ने।
- मागका आधारमा विषय विशेषको अध्ययन अध्यापन गराउने प्राविधिक/व्यावसायिक विद्यालयहरूको व्यवस्था गर्ने।
- उत्कृष्टताका आधारमा अब्बल ठहरिएका विद्यार्थीहरूका लागि प्रोत्साहनका कार्यक्रमहरूको व्यवस्था गर्ने।
- जबाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादन स्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने।
- माध्यमिक विद्यालयहरूलाई कार्य सम्पादनको स्तरका आधारमा पुरस्कृत तथा नियमन गर्नका लागि जबाफदेहिता तथा कार्यसम्पादन परीक्षण गर्ने।
- निम्न तहको उपलब्धि हासिल गर्ने विद्यालयहरूलाई सहयोग गर्न सहायता प्याकेजको व्यवस्था गर्ने।
- विद्यार्थीहरूलाई सिपयुक्त र सक्षम बनाउन तालिम प्रदान गर्न, तिनलाई नागरिक, पारिवारिक तथा सामाजिक दायित्वबारे शिक्षित गराउनका साथै दक्ष विद्यार्थीका रूपमा उच्च शिक्षाका क्षेत्रमा प्रवेश सहज गराउन खास गरी आधारभूत गणित तथा विज्ञानका विषयका माध्यमिक पाठ्यक्रमको पुनरावलोकन तथा परिमार्जन गर्ने।
- स्थापित व्यावसायिक घराना तथा औद्योगिक प्रतिष्ठानहरूसँगको सहकार्यमार्फत कार्य स्थल तालिम दिनका लागि र उद्यमशीलताका सिपको विकास गर्न शैक्षणिक ढाँचाहरूको डिजाइन गर्ने।
- निजी तथा सार्वजनिक क्षेत्रसँगको सहकार्यमार्फत प्राविधिक/व्यावसायिक माध्यमिक शिक्षा (कक्षा ९– १२) पाठ्यक्रमको पुनरावलोकन तथा परिमार्जन गर्ने।

## ४.४ जिवनपर्यन्त सिकाइ तथा निरन्तर शिक्षा

उद्देश्य

- नागरिकलाई सम्मानजनक जीवन यापनका लागि चाहिने सक्षमता तथा आधारभूत जीवनोपयोगी सिपसहित साक्षर गराउनु।
- वैकल्पिक तथा लचिला ढाँचाका शैक्षिक कार्यक्रमहरूलाई सबैका लागि शिक्षाका राष्ट्रिय उद्देश्य प्राप्तिमा पूरक बनाउनु।
- पढ्ने र सिक्ने बानीको विकासको प्रवर्धन गर्नु।

नीति निर्देश

- सबैका लागि साक्षरता कार्यक्रमको प्रावधान गर्ने।
- विविध सिकाइ आवश्यकता भएका लक्षित समुदायका लागि जीवनपर्यन्त सिकाइका अवसर सिर्जना गर्ने।
- शिक्षा र पेसाबिचका खाडल मेट्न वृत्ति विकासमा आधारित साक्षरता कार्यक्रमहरूको विकास गर्ने।

रणनीति

समता

- पुस्तकालय तथा सामुदायिक वाचनालयको विस्तारमार्फत निरन्तर शिक्षा कार्यक्रमको स्तर वृद्धि गर्ने।
- लक्षित समुदायका लागि सिप विकास तथा आय आर्जनसँग आबद्ध गरी विशेष कार्यक्रमहरू कार्यान्वयन गर्ने।
- बढी उमेर भएका तथा विद्यालय बाहिर रहेका समूहका लागि लक्षित शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने।

गुणस्तर

- मागका आधारमा औपचारिक, खुला तथा वैकल्पिक ढाँचाका शैक्षिक कार्यक्रमहरू विकास गरी कार्यान्वयनमा ल्याउने।
- पेसागत विकास तथा काम सम्बन्धी सिपको विकासमा केन्द्रित वृत्ति विकासमा आधारित कार्यक्रमहरूको विकास र कार्यान्वयन गर्ने।

सक्षमता

- स्थानीय सरकारहरूलाई साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि सशक्तीकरण गर्ने।
- सङ्गठित नागरिक समाज जस्ता शिक्षाका प्राथमिक सरोकारवालाहरूसँग सहकार्य गरी राष्ट्रिय स्वयम् सेवा अभियान सञ्चालन गर्ने।
- अनुगमन तथा सुपरिवेक्षण सहयोगका लागि स्थानीय संयन्त्रको विकास गर्ने।

४.५ सम विषय क्षेत्र **(Cross-cutting Themes)**

४.५.१ शिक्षक व्यवस्थापन तथा पेसागत विकास

उद्देश्य

- योग्य तथा सक्षम शिक्षकहरूको प्रावधान गर्नु।
- सरकारको निर्देशन तथा मार्ग दर्शनअनुसार शिक्षण सिकाइ गरिने कार्य दिन र शिक्षकले कक्षामा बिताउनुपर्ने समयको सुनिश्चितता गर्नु।
- शिक्षक विद्यार्थीमा शिक्षण सिकाइका सन्दर्भमा उच्च मनोवल तथा उत्प्रेरणाको विकास गर्नु।

नीति निर्देश

- संविधानको भावनाअनुरूप शिक्षक व्यवस्थापन गर्ने।
- योग्यतम तथा पेसागत रूपले सक्षम व्यक्तिहरूलाई शिक्षण सेवामा आकर्षित गर्ने र तिनलाई पेसामा टिकाइराख्न प्रयत्न गर्ने।

- न्यून प्रतिनिधित्व भएका समुदायलाई समेत ध्यानमा राखी शिक्षक छनोटको सन्तुलित पद्धति कायम गर्ने।
- शिक्षकहरूका लागि नियमित पुनर्ताजगी तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

रणनीति

शिक्षक व्यवस्थापन

- विद्यालयहरूका लागि विषय शिक्षक तथा अध्यापन अनुमति सम्बन्धी कार्यहरू प्रभावकारी रूपले सम्पादन गर्न शिक्षक सेवा आयोगको क्षमता अभिवृद्धि गर्ने। शिक्षक सेवा आयोगले उपयुक्त उमेदवारलाई शिक्षक पदमा नियुक्तिका लागि स्थानीय सरकारलाई सिफारिस गर्ने छ र स्थानीय सरकारले तिनलाई आवश्यक पर्ने विद्यालयमा नियुक्त गर्ने छ।
- आधारभूत शिक्षा तथा व्यावसायिक धारलगायत माध्यमिक शिक्षाका रिक्त शिक्षक पदको पाँच प्रतिशत पदहरूमा प्रतिभाशाली स्नातकहरूलाई आकर्षित गरी पदपूर्तिको प्रवधान गर्ने।
- आधारभूत तहका शिक्षकका साथसाथै माध्यमिक तहमा कम्तीमा २० प्रतिशत रिक्त दरबन्दीमा पूर्ति गर्ने।
- सबै जिल्लाका विद्यालयहरूमा शिक्षकहरूको समतामूलक वितरण सुनिश्चित गर्न तथा शिक्षकहरूको पुनर्वितरण गरी शिक्षक विद्यार्थी अनुपात मिलाउन नियमनकारी प्रावधानको विकास तथा कार्यान्वयन गर्ने।
- अस्थायी तथा निजी स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिकाहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने।
- अध्यपन अनुमति पत्र तथा शिक्षक सेवा आयोगको परीक्षामा योग्य हुनका लागि वाञ्छनीय योग्यताको मापदण्डको पुनरावलोकन तथा सुदृढीकरण गर्ने।उदाहरणका लागि, न्यूनतम आवश्यक योग्यता हासिल गरी एक बर्से तयारी तालिम पूरा गरेका व्यक्तिले मात्र अध्यापन अनुमति सम्बन्धी परीक्षामा बस्न पाउने व्यवस्था गर्ने।

शिक्षक विकास

- निजामति सेवा ऐनमा भएका प्रावधान सरह शिक्षकहरूलाई पनि माथिल्लो तहका पदमा सोझै पदोन्नति हुने प्रावधानसहित वृत्ति विकास पथको प्रावधान राखिने छ।
- विद्यालयहरूमा अङ्ग्रेजी, गणित तथा विज्ञान जस्ता मुख्य विषयहरू पढाउने शिक्षकहरूको आपूर्तिका लागि शिक्षक तयारी कार्यक्रमको विकास र सञ्चालन गर्ने।
- प्रत्येक पाँच वर्षमा अध्यापन अनुमति पत्रको नवीकरण गर्ने।
- निरन्तर सिकाइ तथा पेसागत विकासमा सघाउ पुर्याउने खालका कार्यक्रमहरू कार्यान्वयन गर्ने।
- शिक्षण पेसामा नवप्रवेशी शिक्षकहरूलाई वृत्ति विकास तथा प्रोत्साहनसँग सम्बद्ध गर्दै पर्याप्त मार्गदर्शन तथा सहयोग सहित सेवा प्रवेश तालिम प्रदान गर्ने।
- उत्कृष्ट शिक्षकहरूलाई चिठी तथा प्रशंसा प्रदान गरी पत्र प्रोत्साहित गर्ने।
- शिक्षकहरूलाई माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यम अवधिका तालिमको व्यवस्था गर्ने।

४.५.२ सुशासन र व्यवस्थापन

उद्देश्य

- शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।

नीति निर्देश

- संविधानको प्रावधानअनुसार विद्यालय प्रशासन तथा व्यवस्थापनलाई क्रमशः स्थानीय सरकारमा हस्तान्तरण गर्ने।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा समुदायको समतामूलक सहभागिता तथा प्रतिनिधित्व गराउने।

- शैक्षिक सेवालाई अझ सक्षम र प्रभावकारी बनाउने।

रणनीति

- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ र स्रोत केन्द्रका काम, कर्तव्य र अधिकारलगायत विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बद्ध नियम कानुनहरूलाई संविधान अनुकूल बनाउन तिनीहरूको पुनरावलोकन गर्ने।
- विद्यालय प्रशासन तथा व्यवस्थापनको सुदृढीकरणलाई दृष्टिगत गरी विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारका साथै तिनका क्षमताको समेत पुनरावलोकन गर्न स्थानीय सरकारलाई सहयोग पुर्याउन एउटा राष्ट्रिय कार्यढाँचाको विकास गर्ने।
- विद्यालय तहमा जबाफदेहिता सुनिश्चित गर्न कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रवधानको कायान्वयन गर्ने।
- विद्यालय प्रधानाध्यापकहरूका लागि छुट्टै सेवा करारको व्यवस्था लागु गर्ने। यस्तो करारनामामा हस्ताक्षर गर्दा उनीहरूले पेस गरेका सुधार योजना तथा कार्यान्वयन गर्ने क्षमतामा विद्यार्थी उपलब्धिमा देखिने सम्भावित नतिजा कत्तिको प्रदर्शित हुन्छ, सोलाई आधार मानिने छ।

४.५.३ क्षमता विकास

उद्देश्य

- सेवा प्रवाहको गुणस्तर र सक्षमतामा सुधार गर्नु।

नीति निर्देश

- नतिजामूलक सेवा प्रवाहका लागि शिक्षा प्रणालीको क्षमता विकास गर्नु।

रणनीति

- समग्र शिक्षा प्रणालीलाई नयाँ संविधानअनुरूप अभिमुख तथा पुनःसंरचना गर्ने।

- शैक्षिक क्षेत्रको मानवीय संसाधनको क्षमता तथा योग्यता अभिवृद्धिका लागि पेसागत तालिम तथा योग्यता विकासका कार्यक्रमहरू कार्यान्वयनमा ल्याउने।
- वृत्तिमा आधारित दरबन्दी तथा शिक्षक विकासका कार्यक्रमको कार्यान्वयन तथा सुदृढीकरण गर्नका लागि कानुनी प्रवधानहरूमा सुधार ल्याउने।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित क्षमता विकासका कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- शिक्षकहरूको क्षमता विकासका लागि सरकारी तथा निजी क्षेत्रका निकायहरूसँग साझेदारी प्रदान गर्ने।
- विश्व विद्यालयमा अध्ययनरत विज्ञान, गणित तथा अङ्ग्रेजी विषयका मेधावी स्नातकहरूलाई विश्व विद्यालयका सेमेस्टरका बिचमा सार्वजनिक विद्यालयहरूमा ती विषयको अध्यापनमा संलग्न गराउने कार्यक्रमहरूको विकास गरी कार्यान्वयनमा ल्याइने छ।
- वार्षिक रणनीतिक कार्यान्वयन योजना तथा वार्षिक योजना तथा बजेटमा माग तथा आवश्यकतामा आधारित क्षमता विकास कार्यक्रमका लागि बजेटको व्यवस्था गर्ने।

४.५.४ विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा

उद्देश्य

- विपत्पूर्व तथा विपत्पछिका अनुभवलाई विद्यालय क्षेत्र विकास कार्यक्रमको नीति तथा रणनीति निर्माणमा उपयोग गर्नु,
- विद्यमान सरकारी संयन्त्रमार्फत बाल बालिका, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, समुदाय, शिक्षाका अधिकारीहरू लगायत सबै तहका अधिकारीहरूलाई जानकारी गराउनका लागि विद्यालयमा विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षाका न्यूतम प्याकेजको पहिचान गर्नु,

- विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षाको मूलप्रवाहीकरण सुनिश्चित गर्न शिक्षा मन्त्रालय तथा विभागका नेतृत्वदायी अधिकारीहरूलाई सहयोग पुर्याउन विपत् जोखिम न्यूनीकरण सम्बद्ध मुख्य पात्रहरू तथा चालु एवम् भविष्यमा सञ्चालन हुने कार्यक्रहरूको विस्तृत आँकलन गर्नु।

नीति निर्देश

- संस्थागत, निजी, धार्मिक लगायत नेपालमा सञ्चालित सबै प्रकारका विद्यालयहरू विपत्प्रति प्रतिरोधी  भएको सुनिश्चित गर्नुका साथै सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्राप्त गर्न सुरक्षित स्थान सुनिश्चित गर्ने।यसअन्तर्गत सुरक्षित स्थानको छनोट, भवन संहिता, विपत् प्रतिरोधी डिजाइन, प्रबलीकरण, निर्माण कार्यको सुपरिवेक्षण तथा गुणस्तरको नियन्त्रण आदि सबै पर्दछन्।
- राष्ट्रियदेखि विद्यालय तहसम्मका बहुआयामिक जोखिमहरूको मूल्याङ्कन तथा नक्साङ्कनका आधारमा शिक्षा क्षेत्रमा विपत् व्यवस्थापन (संरचनागत र गैर संरचनागत) सम्बन्धमा तत्परता तथा जोखिम न्यूनीकरण क्षमताको सुदृढीकरण गर्ने।विद्यालय तहमा जोखिम न्यूनीकरण कार्ययोजना निर्माण गर्ने, विद्यालय सुधार योजनामा विद्यालय सुरक्षालाई समावेश गर्ने, शैक्षिक निरन्तरताको योजना बनाउने, विपत्को प्रतिकार्य तथा पूर्वतयारी क्षमताका साथै सामुदायिक जागरण आदिलाई समेत अन्तर्वस्तु बनाउने।
- विपत् जोखिम न्यूनीकरण तथा प्रतिरोध क्षमताका सम्बन्धमा राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम तथा शिक्षकको पेसागत विकास कार्यक्रममार्फत औपचारिक तथा अनौपचारिक शिक्षामा मूलप्रवाहीकरण गर्ने।

रणनीति

## सुरक्षित सिकाइका सुविधा

- सामुदायिक, संस्थागत, धार्मिक लगायत सबै प्रकारका विद्यालयहरूमा सबै प्रकारका सिकाइ सुविधाहरू विपत् प्रतिरोधी बनाउने।
- नयाँ विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपत्प्रति संवेदनशील र अपाङ्ग मैत्री बनाउने।
- विद्यालयहरूको निर्माण तथा प्रबलीकरणका क्रममा अधिकार प्राप्त सरकारी निकाय मार्फत प्राविधिक सहयोग तथा प्रमाणीकरण गराउने।
- सुरक्षित तथा जोखिम प्रतिरोधी विद्यालय भवन निर्माणमा सामुदायिक संलग्नता अभिवृद्धिको सुनिश्चितता गर्नका लागि स्पष्ट मार्गनिर्देश तयार पार्ने।
- विद्यालय भवन निर्माणमा संलग्न सबै संस्थाहरूलाई सरकारी नियम कानुनको परिपालना गराउने।
- स्रोत तथा लागत (मूल्याङ्कन, योजना, सुपरिवेक्षण, कार्यान्वयन, परामर्श, समन्वय, अनुसन्धान र विकास, सचेतना तथा क्षमता विकास) को प्रतिबद्धता सहित सुरक्षित विद्यालय भवन निर्माण/पुनर्निर्माणका लागि समयबद्ध कार्य योजना बनाउने।

विद्यालय विपत् व्यवस्थापन

- विभिन्न प्रकारका विपत्का लागि विपत् सम्बन्धी मुख्य सन्देशसहितको स्तरीय कार्य सञ्चालन प्रक्रियाहरू विद्यालयमा हुनुपर्ने छ। यसलाई विपत् व्यवस्थापन सम्बद्ध अधिकारीहरूको समन्वयमा शिक्षा अधिकारीहरूबाट स्वीकृत गर्ने।
- शिक्षक तालिम कार्यक्रममा विपत्का जोखिम न्यूनीकरण सम्बन्धी सबै प्रमुख सन्देशहरू समेटी र विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा समुदायमा विभिन्न संयन्त्रमार्फत तिनको तथा प्रचार प्रसार गर्ने।

- शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिलगायत नेपालमा विपत्का जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा सम्बद्ध सबै व्यक्ति वा निकायहरूका लागि सरकारद्वारा स्वीकृत विपत्का जोखिम न्यूनीकरण विषयक पाठ्य सामग्रीका सेट तयार पार्ने।
- भिडिओ, डिभिडी तथा नाटक जस्ता श्रव्य दृश्य शिक्षण सिकाइ सामग्रीको निर्माण गरी प्रयोग गर्ने।
- विद्यालय सुधार योजनामा जोखिम आँकलन तथा विद्यालय सुरक्षा योजनाको समायोजन गर्ने सन्दर्भमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिहरूलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने।
- विपत् जोखिम न्यूनीकरण गर्ने सन्दर्भमा विद्यालय व्यवस्थापन समितिले निर्वाह गर्नुपर्ने भूमिका तथा कार्यहरूलाई दृष्टिगत गरी तिनको काम कर्तव्य तथा अधिकारको पुनरावलोकन तथा परिमार्जन गर्ने।
- जोखिम न्यूनीकरणमा सक्रिय सहभागिता सुनिश्चित गर्नका लागि बाल बालिका, अभिभावक, परिवारका सदस्य तथा समुदायलाई विपत्का जोखिम न्यूनीकरण सम्बन्धी गतिविधिहरूमा आबद्ध गराउने।
- बाल बालिका तथा युवाहरूलाई परिवर्तनका संवाहक मानी तिनलाई विपत्का जोखिम न्यूनीकरणका सिकाइ क्रियाकलापमा सक्रिय रूपले सरिक गराउने।यस प्रयोजनका लागि बाल क्लब, युवा समूह लगायतका सङ्घ संस्थाहरूलाई उपयोग गर्ने।
- विपत् व्यवस्थापन सम्बन्धी सबै सामग्रीहरूमा सबैको सहज पहुँच सुनिश्चित गराउने। त्यस्ता समग्रीको विकास लैङ्गिक समानता तथा सामाजिक समावेशिताको सिद्धान्त अनुरूप हुने छन्।
- २०७२ साल वैशाखमा गएको भूकम्पबाट हासिल अनुभवका आधारमा विपत्को आपत्कालीन योजना तथा तयारी योजनाहरूको पुनरावलोकन, परिमार्जन एवम् निरन्तर परीक्षण गराउने।

जोखिम न्यूनीकरण तथा उत्थानशीलता **(resilience)** शिक्षा

- बाल शिक्षा तथा विकासका चरणदेखि माध्यमिक शिक्षासम्मका पाठ्यक्रमहरूको पुनरावलोकन गरी तिनमा विपत्का जोखिम न्यूनीकरणका सिकाइ उपलब्धिहरू समायोजन गर्ने।
- परिमार्जित पाठ्यक्रमका आधारमा पूर्व सेवाकालीन, सेवाकालीन लगायत सबै प्रकारका शिक्षक तालिम सामग्रीलाई अद्यावधिक गर्ने।
- विपत्का जोखिम न्यूनीकरणका रणनीतिप्रति विद्यार्थीहरू पूर्ण सचेत भएको तथा जोखिमयुक्त वातावरणको आँकलन गर्न सक्षम भई विपत्का बेला मानवीय क्षतिलाई न्यून गराउने विषयको सुनिश्चितता गर्ने।
- जोखिम न्यूनीकरण शिक्षालाई लैङ्गिक समानता एवम् सामाजिक समावेशीकरणका सिद्धान्तअनुरूप बनाउने  र सोमाथि सबैको पहुँच सुनिश्चित गर्ने।
- विपत् जोखिम न्यूनीकरणका विषयवस्तु सबै तहका औपचारिक, अनौपचारिक, पेसागत एवम् आधारभूत चेतनाको तहदेखि व्यावसायिक तालिमसम्मका पाठ्यक्रमहरूमा एकीकृत गर्ने।
- जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षा प्रदान गर्न स्थानीय पाठ्यक्रम लगायतका प्रावधानको प्रयोग गर्ने।
- उपयुक्त स्थानको प्रयोग गरी अनौपचारिक शिक्षाका माध्यमबाट जोखिम न्यूनीकरण तथा जोखिम उत्थानशीलता शिक्षाको प्रबोधीकरण गर्ने।
- बाल बालिका, अभिभावक तथा समुदायमा यस प्रबोधीकरण गर्न विभिन्न साधनहरूको प्रयोगको प्रवर्धन गर्न एउटा सञ्चार रणनीतिको विकास गर्ने।

४.५.५ अनुगमन तथा मूल्याङ्कन र परीक्षण

उद्देश्य

- नीति निर्माताहरूलाई सामान्यतः शिक्षा प्रणालीको, विशेष गरी सिकाइ उपलब्धिको अवस्था बारे जानकारी प्रदान गर्नु
- कार्यक्रम तथा क्रियाकलाप बारे कार्यान्वयन गर्ने निकायलाई नियमित पृष्ठपोषण उपलब्ध गराउनु।

नीति निर्देश

- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका असल अभ्यासलाई अवलम्बन गर्ने।
- विद्यार्थीहरूको उपलब्धिको परीक्षणलगायत शिक्षा प्रणालीको स्वतन्त्र रूपमा समीक्षा तथा परीक्षण गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संस्थागत क्षमता सुदृढीकरण गर्ने।

रणनीति

- शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा नतिजामूलक अनुगमन एवम् मूल्याङ्कन प्रणालीको सुदृढीकरण गर्ने।
- नियमित रूपमा विद्यार्थीको उपलब्धि परीक्षण (NASA) तथा प्ररम्भिक कक्षा पढाइ कार्यक्रमको मूल्याङ्कन (EGRA) गर्नका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको क्षमता विकास गराउने ।
- विद्यार्थीको उपलब्धि परीक्षण, प्ररम्भिक कक्षा पढाइ कार्यक्रम, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, अनुगमन तथा मूल्याङ्कन तथा शैक्षिक व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त नतिजालाई योजना तथा नीति निर्माणसँग आबद्ध गर्ने।
- शैक्षिक कार्यक्रमहरूको आवधिक मूल्याङ्कनका लागि उपयुक्त खालका ढाँचाको तर्जुमा तथा विकास गर्ने।
- अनुसन्धानमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने।
- लाभान्वित समूहको सन्तुष्टि सम्बन्धी सर्भे तथा निर्माणात्मक अनुसन्धान गर्ने।

- शैक्षिक तथ्याङ्क व्यवस्थापनमा प्रविधिको प्रयोगलाई सुदृढीकरण गर्ने।

४.६ परीक्षा तथा प्रमाणीकरण

उद्देश्य

- शैक्षिक योग्यता प्रमाणीकरणका लागि विश्वसनीय प्रणालीको विकास गरी मुलुकभर समकक्षता प्रदान गर्ने।

नीति निर्देश

- शैक्षिक योग्यताको प्रमाणीकरणका लागि एउटा राष्ट्रिय परीक्षा प्रणालीको विकास गर्ने।
- परीक्षा तथा प्रमाणीकरणलाई विकेन्द्रीकरण गर्ने।
- शिक्षाको मूल्याङ्कन सुनिश्चित गर्नका लागि निर्माणात्मक, निर्णयात्मक र परीक्षा सुधार कार्यको कार्यान्वयन तथा सुदृढीकरण गर्ने।

रणनीतिहरू

- राष्ट्रिय परीक्षा बोर्डको स्थापना गर्ने।
- कक्षा ८, १० र १२ को अन्त्यमा तिन तहमा राष्ट्रिय परीक्षा सञ्चालन गर्ने।
- विद्यालयले अन्य सबै कक्षाको प्रमाण पत्र पदान गर्ने।
- सबै शैक्षिक प्रमाण पत्रमा अक्षराङ्कन पद्धति अवलम्बन गर्ने।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कनको पुनरावलोकन तथा तिनको आपसी सम्बन्ध कायम गर्ने।

४.७ वित्तीय व्यवस्था

उद्देश्य

- शैक्षिक विकासका लागि पर्याप्त वित्तीय स्रोतको व्यवस्था गर्ने।
- शैक्षिक नीति निर्देशनका लागि पर्याप्त स्रोतको व्यवस्था गर्ने।

- उपलब्ध स्रोत साधनको प्रभावकारी व्यवस्थापन गर्ने।

नीति निर्देश

- सरकारले एक बर्से पूर्व प्राथमिक/प्रारम्भिक बाल विकास र शिक्षा लगायत समग्र विद्यालय शिक्षाको लागत व्यहोर्ने।
- यसका लागि केन्द्रीय एवम् प्रान्तीय सरकारहरूबीच लागत साझेदारीको व्यवस्था गर्ने।
- विद्यालयमा सरकारी शैक्षिक अनुदान दिनका लागि न्यूनतम मापदण्डको सुनिश्चितता गर्ने।
- शैक्षिक कार्यक्रममा लगानी गर्न निजी तथा सार्वजनिक क्षेत्रको भूमिकाको अभिवृद्धि गर्ने।
- लगानीका प्रमुख प्रभाव क्षेत्रमा जोड दिनका लागि शिक्षामा बाह्य सहयोग लिने।

रणनीति

- फर्मुलाका आधारमा अनुदान वितरण गराउने, जस्तैः आधारभूत/प्रतिबद्ध अनुदान, प्रोत्साहन अनुदान र विशेष अनुदान प्याकेज अवलम्बन गर्ने।
- नतिजामा आधारित स्रोत विनियोजन प्रणाली अवलम्बन गर्ने।
- शिक्षामा लगानीका लागि केन्द्रीय, प्रान्तीय तथा स्थानीय सरकारहरूका भूमिका तथा दायित्वबिच समन्वय गर्नका लागि शिक्षामा समग्र लागानीको ढाँचाको विकास गर्ने।
- ठूला विद्यालय, आवासीय विद्यालय तथा विशेष विद्यालय जस्ता स्तरीय प्रकारका विद्यालहरूको किसिम निर्धारण गर्ने।प्रत्येक प्रकारका विद्यालयका लागि न्यूनतम मापदण्ड निर्धारण गरी सोही आधारमा प्रति विद्यालय खर्चको आँकलन गरी एकमुस्ट अनुदान प्रवाहित गर्ने। विद्यालयमा गरिएका लगानी रकमको महत्त्व सुनिश्चित गर्नका मूल्य प्रभावकारिता तथा प्रतिफलको विश्लेषण गर्ने प्रणालीको विकास गर्ने।
- सार्वजनिक खर्च अनुगमन सर्भे, सेवा प्रवाह सर्भे, नियमित अनुगमन र सार्वजनिक सुनुवाइ तथा रिपोर्ट कार्डको व्यवस्था गरेर वित्तीय अनुशासन तथा सुशासन कायम गर्ने।